हिमा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : ५ मिति : २०७७

भाग–२

हिमा गाउँपालिका

कालिकाखेतु, जुम्ला

कर्णाली प्रदेश, नेपाल

# एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७

# एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७

प्रस्तावना : हिमा गाउँपालिका भित्र खासगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुंच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई

सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चाालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी हिमा गाउँपालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो निर्देशिकाको नाम “एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७” रहेको छ ।

(ख) यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

## २. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

क) “एम्बुलेन्स” भन्नाले विरामी ओसार्ने स्विकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

ख) “एम्बुलेन्स जनशक्ति” भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

ग) “चालक” भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ । घ) “गाउँपालिका” भन्नाले हिमा गाउँपलिका सम्झनु पर्छ ।

ङ) “सेवाशुल्क” भन्नाले एम्बुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

च) “समिति” भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

छ) “सेवा” भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

## ३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :

(१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक गाउँ पालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

क) अध्यक्ष संयोजक

ख) प्रमुख प्रशासकिय अधिकृत सदस्य ग) गाउँ कार्यपालिकाका सदस्य -महिला १/दलित १) सदस्य घ) सामाजिक विकास शाखा प्रमुख - सदस्य

ग) गाँउपालिकाका स्वास्थ्य संयोजक - सदस्य सचिब

२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पवालना गर्न लगाउने

ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । सामान्यतया एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगि पुनरावलोकन गर्न नपाईने ।

ङ) सरोकारवाला तथा अन्य सङ्घ संस्थाहरु बीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

च) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

छ) चालकले अनुसुची बमोजिम सेवा शुल्क लिई बैंक/कोषमा दाखिला गरे नगरेको समयमा निरीक्षण गर्ने ।

(२) समितिको सदस्य- सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण सहितको प्रतिवेदन प्रत्येक वर्षको आषढ मसानतमा गाउँ कार्यपालिकामा पेस गर्नु पर्नेछ ।

**क) सेवा शुल्क सम्बन्धी व्यवस्था :**

१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसूची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

२) एम्बुलेन्स सेवा बापत उठेको रकम गाउँपालिकाले एक अलग बैक खाता/कोष खडागरी त्यसमा जम्मा गर्नेछ ।

३) सेवा शुल्क वापत लिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख नियन्त्रण खाता गाउँपालिकामा राखीनेछ ।

४) सेवा दिएवापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

५) कोषका रकम गाउ कार्यपालिकाले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहेन अति आवश्यक सामाग्री खरिदमा खर्च गरिनेछ ।

**६. चालक नियूक्ति र सेवा सुविधा :**

(१) एम्बुलेन्स सेवा संचालनका लागि गाँउ कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियक्ती गर्नेछ ।

२) चालकको सेवा सुविधा दफा (३) वमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

३) चालकको रु, २ लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट वेहोरिने छ ।

४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुचि (२) बमोजिम हुनेछ ।

**७) एम्बुलेन्स रहने स्थान र सोको मर्मतसम्भार :**

(१) एम्बुलेन्स हिमा गाउँ कार्यपालिकाको हातमा रहनेछ ।

२) प्रचलित कानून वमोजिम प्रक्रिया पुरा गरी एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ ।

**८) विविध :**

(१) एम्बुलेन्समा रहने न्युनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसूची (३) बमोजिम हुनेछ ।

२) एम्बुलेन्समा सवार विरामी, बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंमको हुनेछ ।

३) यस निर्देशिकामा आावश्यकता अनुसार सशोधन र हेरफेर समितिको सिफारिशमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूची-१
(निर्देशीकाको दफा (थ) संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

| क्र.स | देखि | सम्म | दररेट (रु,) | कै. |
|---|---|---|---|---|
| १ | हिमा गाउँपालिका क्षेत्रभित्रबाटका बिरामी | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला | रु, ३५००।- | |
| २ | हिमा गाउँपालिका क्षेत्रबाट | सुर्खेत | रु, १२०००।- | |
| ३ | हिमा गाउँपालिका क्षेत्र बाट | नेपाल गंज | रु,१४०००।- | |
| ४ | सिँजा गाउँपालिका क्षेत्रभित्र | कर्णाली स्वास्थ्य विज्ञान प्रतिस्ठान, जुला | रु, ६०००।- | |
| ५ | कनका सुन्दरी गाउँपालिका क्षेत्रभित्र | कर्णाली स्वास्थ्य विज्ञान प्रतिस्ठान,जुम्ला | रु, ७०००।- | |
| ६ | तिलागुफा नगरपालिका क्षेत्रभित्र बाट | कर्णाली स्वास्थ्य विज्ञान प्रतिस्ठान, जुम्ला | रु, ६०००।- | |
| ७ | सिँजा गाउँपालिका क्षेत्रभित्र बाट | सुर्खेत | रु, १४०००। | |
| ८ | सिँजा गाउँपालिका क्षेत्रभित्र बाट | नेपाल गंज | रु, १६०००। | |
| ९ | कनका सुन्दरी गाउँपालिका क्षेत्रभित्र बाट | सुर्खेत | रु,१४०००। | |
| १० | कनकासुन्दी गाउँपालिका क्षेत्रभित्र बाट | नेपाल गंज | रु,१६०००। | |
| ११ | तिला गुफा नगरपालिका कालिकोट | नेपाल गंज | रु, १६०००। | |
| १२ | तिला गुफा नगरपालिका कालिकोट | सुर्खेत | रु, १४०००। | |

- माथि उल्लेखित दरमा तेल र विभिन्न करको रकम समावेश गरिएको छ ।
- दुरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ ।
- एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगावै कार्यालयमा बुझाउनु पर्नेछ ।

अनुसूची - २
(निर्देशिकाको दफा ६ को उपदफा (३) सगँ सम्वन्धीन)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स संचालन निर्देशिका, २०७७ लाई पुर्णत पालना गर्नु पर्ने ।

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफनो पेशाको मान मार्यादामा खलल पुग्ने कुनै कामगर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने ।

४. विरामीको ओसारपसार तथा उपचार र्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्पानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नु पर्नेछ ।

५. आफुले लिएको निर्णयहरुमा आफ्नै ब्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशगत दक्षता सुधार गदै लैजानुका सथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने ।

७. कुनै पनि बिरामीलाई ओसारपार गर्नु अघि उसको वारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने ।

८. विरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्पानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नु पर्नेछ ।

९. आफुले लिएको निर्णयहरुमा आफ्नै ब्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

१०. आफ्नो पेशगत दक्षता सुधार गदै लैजानुका सथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने ।

११. कुनै पनि बिरामीलाई ओसारपार गर्नु अघि उसको वारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने ।

१२. बिरामीलाई बिच बाटोमा छड्न नहुने ।

१३. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना वारेमा जानकारी दिन सक्ने ।

१४. अस्पताल पुर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुर्‍याउनु पर्ने,

१५. आफुले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई दिनु पर्ने ।

१६. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म.......................................................................... ठेगाना

.............................. ना.प्रा.प.नं. .............................. जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. .............................. ले माथिको उल्लेखित आचार संहिताा अeययन गरेको छु ।

चालकको नाम :रोहबरमा प्रमाणित गर्ने ब्यक्तिको नाम दस्तखत :

दस्तखत :

मिति : मिति :

संस्थाको छाप

अनुसूची-३

(निर्देशिकाको दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

"ग" वर्गको (Common Life Support (CLS) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरणका सामानहरु,

- Oxygen Cylinder, Flow Meter र Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Strethoscopre, B.P. Apparatus, Torchlight, medicine.

प्रमाणित मिति २०७७ बैशाद १२ गते